**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012, 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज २८ गते मंगलबार ❑ 14 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## डेढ महिनादेखि बस्न सकेन गण्डकी प्रदेशसभा बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

'जेनजी' आन्दोलनका क्रममा गण्डकी प्रदेशसभा भवन क्षतिग्रस्त भएपछि प्रदेशसभाको कामकारबाही झण्डै डेढ महिनादेखि प्रभावित भएको छ।

पछिल्लोपटक गत भदौ १६ गते प्रदेशसभा बैठक बसेको थियो । त्यसयता दुईपटकसम्म बैठक डाकिएकामा अन्तिम समयमा आएर स्थगित गरिएको थियो। बैठक कहिले बस्छ भन्ने अझै टुङ्गो छैन।

गत भदौ २५ गतेलाई बोलाइएको बैठक त्यसको अघिल्लो दिन भदौ २४ मा 'जेनजी' प्रदर्शनकारीले प्रदेशसभा भवनमा तोडफोड र आगजनी गरेपछि बैठक बस्न सकेको थिएन । 'जेनजी' आन्दोलनपछि उत्पन्न विषम परिस्थितिका कारण अनिश्चितकालसम्मका लागि स्थगित गरिएको बैठक गत बुधबार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सभाकक्षमा बस्ने तय भएको थियो । उक्त दिन पनि प्रदेशसभा बैठक सञ्चालन हुन सकेन। अन्तिम समयमा आएर विशेष कारण देखाउँदै प्रदेशसभा सचिवालयले बैठक स्थगित भएको सूचना निकाल्यो । अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गरिएको सचिवालयले जनाएको छ । सभामुख कृष्णप्रसाद धितालले प्राविधिक तयारी नपुगेका कारण बैठक स्थगित भएको बताउनुभयो । "नयाँ ठाउँमा बैठक बस्नुपर्ने भएकाले व्यवस्थापकीय र प्राविधिक तयारी पनि सोही अनुसार गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "अब तिहारपछि नै बैठक बस्छ, त्यतिञ्जेलसम्म तयारी पनि पुग्छ।" गत बुधबार बोलाइएको बैठकमा गाँजा खेती र खानी तथा खनिजसम्बन्धी विधेयकमा दफाबार छलफल गरी र पारित गर्ने सम्भावित कार्यसूचि तयारी थियो। प्रदेशसभा बैठक प्रभावित हुँदा कानुन निर्माणमा ढिलाइ हुने देखिएको छ।

पुनः प्रयोगमा ल्याउन नमिल्ने गरी प्रदेशसभा भवनलगायत संरचनामा क्षति पुगेकाले प्रदेशसभा बैठक सञ्चालनका लागि कृषि मन्त्रालयको भवनमा वैकल्पिक व्यवस्था गरिएको हो। हालै मात्र प्रदेशसभाको नयाँ भवन निर्माण सुरु गरिएकाले उक्त भवन नबनेसम्म अस्थायी संरचनाबाट प्रदेशसभाका कामकारबाही सञ्चालन हुने प्रदेशसभासचिवालयले जनाएको छ । 'जेनजी' प्रदर्शनकारीले प्रदेशसभा भवनसहित मातहतका भवन, सवारीसाधनलगायतमा तोडफोड र आगजनी गरेका थिए। प्रदेशसभा भवन काठ र ढुङ्गाबाट बनेको पुरानो शैलीको संरचना भएकाले आगलागीले पूर्ण रूपमा क्षति पुर्‍याएको थियो । प्रदेशसभा सचिवालय रहेको भवन, विषयगत समिति, संसदीय दलका कार्यालय आदिमा पनि आगजनी गरिएको थियो।

## मोटरसाइकलको स्वरुप परिवर्तन गरी सवारी चलाउने पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

पोखरामा मोटरसाइकलको स्वरुप परिवर्तन (मोडिफाई) गरी अनधिकृत रूपमा सवारी साधन चलाउने ४ जना युवालाई प्रहरीले पक्राउ गरेको छ।

ठुलो आवाज निकाल्दै ध्वनी प्रदूषण गर्ने, समाजमा आतंक फैलाउने तथा शान्ति-सुव्यवस्थामा खलल पुर्‍याउने कार्यमा संलग्न रहेको आरोपमा कास्की प्रहरीले ४ जना युवालाई नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ पर्नेमा पोखरा महानगरपालिका-१०बुद्धचोकका २१ वर्षीय सुवास कार्की (ग १२ प ९८३२ नम्बरको मोटरसाइकल चालक), पोखरा-३ बस्ने म्याग्दी मालिका गाउँपालिका-१ स्थायी रुपमा बस्दै आउनु भएको २५ वर्षीय एल्बिन पुन (ग २४ प ४४६६ नम्बर), पोखरा-६ का २६ वर्षीय सन्जिव दुवाडी (ग १४ प ८३९९ नम्बर) र पोखरा-५ प्रस्याङका २९ वर्षीय अमृत चापागाई (ग ९ प ६०१३ नम्बर) रहनु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकृत हरिबहादुर बस्नेतले बताउनु भयो।

उनीहरूलाई विभिन्न मिति र समयमा अनधिकृत रूपमा मोटरसाइकलको स्वरुप परिवर्तन गरी सवारी सञ्चालन गर्ने क्रममा नियन्त्रणमा लिइएको उहाँले जनाउनु भयो। पक्राउ परेकामाथि आवश्यक अनुसन्धान र कानूनी कारबाही अघि बढाइएको सूचना अधिकारी बस्नेतले बताउनु भयो । हाल शहर र गाउँ दुबै क्षेत्रमा ठुलो आवाज निकाल्ने, साइलेंसरबाट आगोको झिल्का फाल्ने, होहल्ला मच्चाउने र ध्वनी प्रदूषण गर्ने मोटरसाइकलका गतिविधि बढ्दै गइरहेकोले यस्ता गतिविधि देखिएमा तुरुन्तै प्रहरीलाई जानकारी गराउन प्रहरीले सर्वसाधारणसँग आग्रह गरेको छ।

कास्की प्रहरीले यस्ता मोटरसाइकल देख्दा नेपाल प्रहरीको हटलाइन नम्बर १००, ट्राफिक प्रहरीको १०३, वा नजिकको प्रहरी कार्यालयमा जानकारी दिन अनुरोध गरेको समेत गरेको छ । सूचना दिने व्यक्तिको पूर्ण गोपनीयता कायम गरिने प्रहरीले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरेको छ।

## विपिन जोशीको अवस्था अज्ञात: परराष्ट्र मन्त्रालय

**रासस**
काठमाडौं, २७ असोज

विगत दुई वर्षदेखि हमास समूहको कब्जामा रहेका नेपाली विद्यार्थी विपिन जोशीको अवस्था अज्ञात रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

सो सम्बन्धमा सोमबार बिहान इजरायलको स्थानीय समयानुसार ७:३० बजे इजरायली सेना (आइडिएफ)ले इजरायलका लागि नेपाली राजदूत, निज जोशीका दाजु, आमा, बहिनी, इजरायली परराष्ट्र मन्त्रालय र इजरायली प्रधानमन्त्री कार्यालयका अधिकारीसहितको भर्चुअल बैठक गरेको थियो।

उक्त बैठकमा इजरायली सेनाले सोमबार रिहा हुने बन्दीमा जोशीको नाम समावेश नभएको र उहाँको अवस्था अज्ञात रहेको जानकारी दिएको मन्त्रालयले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ । इजरायल र हमासबीच ७ अक्टोबर २०२३ देखि सुरु भएको द्वन्द्व अन्त्यका लागि प्रस्तावित ' मध्यपूर्व शान्ति योजना' को प्रथम चरणअन्तर्गत आज बन्दी आदान-प्रदान गरिएको हो । उल्लिखित मितिदेखि नै हमासको कब्जामा रहेका इजरायलको 'सिक्दै र कमाउँदै' कार्यक्रममा सहभागी नेपाली विद्यार्थी जोशी पनि हमासले रिहा गर्ने बन्दीहरूको सूचीमा रहने अपेक्षा गरिएको थियो।

यस सन्दर्भमा निजको सकुशल रिहाइका लागि नेपाल सरकारले विगत दुई वर्षदेखि विभिन्न तहबाट कूटनीतिक प्रयास गरेको थियो। हमासको कब्जामा रहेका सबै जीवित बन्दीको रिहाइ र मृतक बन्दीको शव हस्तान्तरण प्रक्रिया पूरा नभएसम्म मन्त्रालयले यस विषयमा निरन्तर जानकारी अद्यावधिक गर्ने जनाएको छ।

## मंसिरभित्रै महाधिवेशन गर्न कांग्रेस नेताहरूको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

नेपाली कांग्रेसका युवा नेताहरूले आगामी मङ्सिर मसान्तभित्र पार्टीको १५ औँ महाधिवेशन गर्नेगरी स्पष्ट कार्ययोजना ल्याउन पार्टी नेतृत्वलाई आग्रह गरेका छन्।

नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) का पूर्वअध्यक्ष इञ्जिनियर रञ्जित कर्ण नेतृत्वको टोलीले सोमबार कांग्रेसको मङ्सिरभित्रै महाधिवेशन गर्न स्पष्ट कार्ययोजना ल्याउन माग गर्दै कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलमार्फत केन्द्रीय समितिलाई आग्रह गरेका हुन्। देशको वर्तमान अवस्था, हालैको 'जेनजी' प्रदर्शन र त्यसपछि उत्पन्न हिंसात्मक घटनाक्रमबारे पार्टीले खेल्नुपर्ने भूमिकाबारे समेत पार्टी नेतृत्वको ध्यानाकर्षण गराइएको छ। विधिवत् र नियमित महाधिवेश मात्र पार्टीमा युवा पुस्ताको सम्मानजनक सहभागिता, पुस्तान्तरण र रूपान्तरणको एक मात्र वैधानिक विकल्प भएको ध्यानाकर्षणपत्रमा उल्लेख छ । नेताहरूले हालैको 'जेनजी' प्रदर्शन देखाएर जननिर्वाचित सरकारलाई विस्थापित गर्ने र प्रतिनिधिसभा विघटन गर्ने कदमले राजनीतिक अस्थिरता निम्त्याएको समेत बताएका छन् । विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको हैसियतले कांग्रेसले अन्य संसदवादी दल, नागरिक समाजसँग संवाद गरी राजनीतिक पहलकदमी लिनुपर्ने पनि उहाँहरूको जोड छ। यस्तै, प्रदर्शनका क्रममा भएका हिंसा, आगजनी र तोडफोडका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कारबाही गर्न माग गरिएको छ। युवाहरूले सुशासन र भ्रष्टाचारविरुद्ध उठाएका मुद्दालाई पार्टीले गम्भीरतापूर्वक लिनुपर्ने पनि उल्लेख छ । ज्ञापनपत्र बुझाउन कर्णसहित नेविसङ्घका पूर्वउपाध्यक्ष भूपेन्द्रजङ्ग शाही, सरोज थापा, दीपक भट्टराई, मनहरी श्रेष्ठ, युपी लामिछाने, पुष्पकुमार शाही, शिव रिमालगायत नेताहरू पार्टी कार्यालय पुग्नुभएको थियो।

## विपिनका आफन्त भन्छन् : हामी अझै आशामा छौँ


**रासस**
काठमाडौं, २७ असोज

विगत दुई वर्षदेखि हमास समूहको नियन्त्रणमा रहेका कञ्चनपुरको भीमदत्त नगरपालिका-३ का विद्यार्थी विपिन जोशीको अवस्थाका विषयमा विपिनका परिवारजन र इजरायलस्थित नेपाली दूतावाससँग 'भिडियो कन्फरेन्स' भएको छ।

उक्त भिडियो कन्फरेन्समा जोडिनुभएका विपिनका परिवारका सदस्य किशोर जोशीले आज नियन्त्रण मुक्त हुन लागेका २० जना बन्धकमा विपिनको नाम नरहेको इजरायली सरकारका तर्फबाट इजरायली डिफेन्स फोर्स (आइडिएफ) ले जानकारी गराएको बताउनुभयो।

"आज छुट्ने लिष्टमा विपिनको नाम छैन फेरि पनि हामी निरन्तर अपडेट गर्छौं भनेर इसरायलबाट भनिएको छ", जोशीले भन्नुभयो, "अहिले छुट्नेमा विपिनको नाम नरहे पनि हामी उहाँ छुट्नेमा पूर्ण आशावादी छौं, अहिले नै उहाँ

**बाँकी अन्तिम पृष्ठमा ▶▶**




## पोखरामा बजाज मोटरसाइकलको एक्सचेन्ज मेला, पुरानो सवारीमा १० हजार बढी मूल्य पाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

सुन्दर नगरी पोखरामा बजाज मोटरसाइकलका ग्राहकहरुका लागि विशेष एक्सचेन्ज मेला सुरु भएको छ।

पोखरा नयाँबजारस्थित इन्छाशक्ति अटोमोबाइल्स प्रालिले आइतबारदेखि आउदो कार्तिक ३ गतेसम्म चल्ने गरी 'बजाज एक्सचेन्ज मेला-२०८२' सञ्चालन गरेको हो । मेलामा जुनसुकै ब्रान्डको पुरानो मोटरसाइकल वा स्कुटर सटही गरी नयाँ बजाज मोटरसाइकल खरिद गर्न सकिने सुविधा प्रदान गरिएको छ । कम्पनीका जनरल म्यानेजर आघोशमान बुद्धाचार्यका अनुसार बजार मूल्याङ्कनभन्दा १० हजार रुपैयाँसम्म बढी मूल्यमा




पुरानो सवारी लिनेजस्तो विशेष योजना ल्याइएको छ। यस अफरले उपभोक्तालाई स्थानीय स्तरमै उचित मूल्यमा सवारी सटही गर्न मद्दत पुर्‍याउने र बजारमा खरिद क्षमता तथा व्यापारिक गतिशीलता बढाउने अपेक्षा गरिएको छ। कम्पनीले मेलाका सहभागीका लागि ५० हजार रुपैयाँको साप्ताहिक बम्पर उपहार योजना पनि सञ्चालन गरेको छ। हालसम्म पोखराका रोशन श्रेष्ठले बम्पर उपहार जितिसकेका छन् भने नारायणप्रसाद घिमिरेले आगामी हप्ताको उपहार पाउने भएका छन् । तिहार पर्वलाई लक्षित गर्दै मेलामा फाइनान्स सुविधा, सर्भिस चार्ज निःशुल्क, विशेष छुट र विभिन्न बोनस अफरहरू उपलब्ध छन्। मार्केटिङ म्यानेजर उमेश गुरुङका अनुसार, यस योजनाले ग्राहकलाई आर्थिक राहत दिने र नयाँ मोटरसाइकल खरिदमा प्रोत्साहन गर्ने विश्वास गरिएको छ। मेलामा पल्सर, एभेन्जर र डिस्कोभर ब्रान्डअन्तर्गतका १४ मोडलका मोटरसाइकल प्रदर्शनमा राखिएका छन्। मूल्य २ लाख १८ हजारदेखि ६ लाख २५ हजार रुपैयाँसम्म तोकिएको कम्पनीले जनाएको छ। नेपालका लागि बजाज मोटरसाइकलका आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले यो एक्सचेन्ज योजना देशभर एकैसाथ सञ्चालन गरिरहेको छ । पोखरामा सुरु गरिएको यो अफरले पुरानो सवारीलाई लाभदायक रूपमा रूपान्तरण गर्ने अवसर प्रदान गरेको कम्पनीको दाबी छ।

# सिङ्गा तातोपानीमा स्नान गर्नेको भीड

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ असोज

बेनी नगरपालिका-४ मा रहेको सिङ्गा तातोपानीका होटल तथा घरबास 'होमस्टे' केही दिनयता भरिभराउ भएका छन् । तातोपानी कुण्डमा स्नानका लागि देशका विभिन्न ठाउँबाट आएका पाहुनाहरूले त्यहाँका होटल र होमस्टे भरिएका हुन् ।



तातोपानीका होटल व्यवसायी जीवन केसीले दसैँयता होटल र घरबासका कोठा खाली नभएका बताउनुभयो । "सानाठूला २० भन्दा धेरै होटलका कोठा एक हप्तायता भरिभराउ भएका छन्", उहाँले भन्नुभयो, "होमस्टेमा पाहुनाहरूले आफैँ पकाएर खाने र बस्नका लागि घरका कोठा पनि पाउन मुस्किल भएको छ ।" व्यवसायीका अनुसार तातोपानीमा हाल बास बस्ने पाहुनाको सङ्ख्या दैनिक एक हजार ५०० जनाको हाराहारीमा छ । असोज-कात्तिक, मङ्सिर, पुस, माघ, फागुन, चैत र वैशाख महिना तातोपानी कुण्डमा स्नान गर्ने याम हो । जेठदेखि भदौसम्म तातोपानी सुनसान थियो । चिसो बढेको, विद्यालय र क्याम्पसमा लामो बिदा भएको तथा बाली भित्र्याउने चटारो भइनसकेको हुँदा तातोपानी स्नान गरेर उपचारका लागि आउनेको चाप बढेको छ । तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव अम्मरबहादुर खत्रीले स्नान गर्न आउनेहरूको चाप बढेकाले बिहान साढे ५:०० देखि साँझ ५:०० बजेसम्म महिला, पुरुषको छवटा समूह बनाएर स्नानको व्यवस्था मिलाइएको जानकारी दिनुभयो । "सात सय महिला र चारदेखि पाँच सय पुरुष तातोपानी स्नानका लागि आएका छन्", उहाँले भन्नुभयो, "महिला र पुरुषको छुट्टाछुट्टै समूह बनाएर दुई/दुई घण्टाका दरले स्नान गर्ने व्यवस्था मिलाइएको छ ।"

म्याग्दी नदीको किनारमा प्राकृतिक रूपमा बिरेनुनको गन्ध आउने ५० डिग्री सेल्सियस तापक्रममा निस्कने तातोपानीलाई सङ्कलन गरेको पोखरीमा स्नानको व्यवस्था मिलाइएको छ । बिरेनुनको गन्ध आउने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ ।

बागलुङका सुमन निउरेले चोट लागेपछि खुट्टाको दुखाइ कम गराउन तातोपानीमा स्नानका लागि आएको बताउनभुयो । तातोपानी सङ्कलन गरिएको तलाउमा १० दिन स्नान गर्न प्रतिव्यक्ति रु ३५० शूल्क तिर्नुपर्छ । प्रवेश शूल्कको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत बेनी नगरपालिकालाई बुझाउने गरिएको छ ।

गत वर्ष नेपालका ६६ जिल्लाका साथै कोरिया, पोल्याड, युक्रेन, स्कटल्यान्ड, रसिया, जापान र भारतका २० हजार ३४७ जना तातोपानी कुण्डमा स्नानका लागि आएका थिए । समितिका कर्मचारी रेशम कार्कीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ४०३ र २०७९/८० मा १८ हजार जनाले स्नान गरेका थिए ।



धान काट्दै किसान :
लमजुङको मध्यनेपाल नगरपालिका-६ स्याँनिस्वंराको कालीरहस्थित खेतमा सोमबार दिउसो धान काट्दै किसान।
तस्बिर : देवेन्द्र गुरुङ/रासस

# पार्टीमा युवा विद्यार्थीको ४० प्रतिशत सहभागिता सुनिश्चित गर्न नेविसङ्घको माग

**रासस**
काठमाडौं, २७ असोज

नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ)ले पार्टीका विभिन्न निकायमा युवा विद्यार्थीको ४० प्रतिशत सहभागिता सुनिश्चित गराउन माग गरेको छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि पहिलोपटक बसेको नेविसङ्घको केन्द्रीय समितिको बैठकले राजनीतिक दलको पुनःसरचना प्रक्रिया अघि बढाई पार्टीका साथै संसद्, सङ्घ, प्रदेश र स्थानीय तहका निकायमा युवा तथा विद्यार्थीको कम्तीमा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेको हो । बैठकको निर्णयबारे जानकारी दिन सोमबार आयोजित पत्रकार सम्मेलनमा नेविसङ्घका अध्यक्ष दुजाङ शेर्पाले सबै राजनीतिक दलले आफ्ना विधान र नीतिगत दस्तावेजमा व्यापक परिमार्जन गरी पार्टीभित्र भ्रष्टाचार नियन्त्रणका लागि निष्पक्ष, पारदर्शी र प्रभावकारी आन्तरिक संयन्त्र स्थापना गर्नुपर्ने बताउनुभयो । नेविसङ्घले पार्टीलाई भ्रष्टाचार र बेतिथिबाट मुक्त गर्दै सुशासन र पारदर्शिता प्रवर्द्धन गर्ने उद्देश्यका साथ, पार्टीका इकाई सभापति, क्षेत्रीय सभापति, जिल्ला सभापति, केन्द्रीय सदस्य, पदाधिकारी तथा केन्द्रीय सभापतिसम्मका सम्पत्तिको अद्यावधिक विवरण पार्टीले प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्ने बताएको छ । यस्तै, जेनजी आन्दोलनले उठाएको भ्रष्टाचार र बेतिथिविरुद्धको आवाजलाई संस्थागत अभियानका रूपमा नेविसङ्घले अगाडि बढाउने भएको छ ।

अध्यक्ष शेर्पाले भ्रष्टाचार नियन्त्रणसम्बन्धी विद्यमान कानुनलाई समयानुकूल परिमार्जन गरी थप प्रभावकारी, थप दण्डनीय र रोकथाममुखी बनाउन नेपाल सरकार एवम् सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय बैठकले गरेको जानकारी दिनुभयो । नेविसङ्घले विस २०४६ सालदेखि हालसम्म सरकारमा रहेका व्यक्तिको सम्पत्तिको निष्पक्ष छानबिन गर्ने व्यवस्था मिलाउन मागसमेत गरेको छ । जेनजी आन्दोलनमा घुसपैठ गर्ने, विभिन्न माध्ययमबाट हिंसा भड्काउने व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नसमेत नेविसङ्घले सरकारसँग माग गरेको छ । यस्तै, भदौ २३ गते युवा विद्यार्थीमाथि दमन गर्ने नेतृत्वलाई कडा कारबाही गर्नुपर्ने नेविसङ्घको माग छ । यस्तै, जेनजी आन्दोलनका क्रममा आगजनी, तोडफोड र लुटपाटबाट सार्वजनिक तथा निजी सम्पत्ति जोगाउन योगदान पुऱ्याउने व्यक्तिहरूलाई पहिचान गरी सम्मान र संरक्षण गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायहरूलाई अनुरोध गरेको छ । नेविसङ्घले देशमा उत्पन्न राजनीतिक अविश्वास र दलप्रतिको जनअसन्तोषको मूल कारण नै उत्तरदायित्व, पारदर्शिता र आन्तरिक लोकतन्त्रको अभाव भएको ठहर गर्दै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र निर्वाचनसम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गरी दलहरूलाई उत्तरदायी, पारदर्शी र जनमुखी बनाउने कानुनी कार्यन्वियन सुनिश्चित गर्नुपर्ने बताएको छ ।

# विपिनका...

छैनन् भन्न मिल्दैन ।" जोशीका अनुसार इजरायली प्रतिनिधि, संयुक्त राज्य अमेरिकाबाट विपिनका आमा र बहिनी, इजरायलस्थित नेपाली राजदूत र आफूसहितको भिडियो कन्फरेन्स सोमबार बिहान भएको बताउनुभयो । विपिनको नाम जीवित बन्दको सूचीमा नरहेको समाचारहरू प्रकाशित भइरहेका बेला विपिनको परिवारजनले भने अर्को चरणमा छुट्नेमा आशा रहेको जनाएको छ । दुई वर्षको अवधिमा भएका युद्धविराम र बन्दी साटासाट क्रममा हमासले २०० भन्दा बढी बन्धक यसअघि नै छाडेको थियो । विपिनको सकुशल रिहाइका लागि उहाँको परिवार र नेपाल सरकार लामो समयदेखि प्रयासरत छन् । विपिनका आमा र बहिनी उहाँको खोजी कार्यमा पहलकदमी गरिदिन गुहार माग्न अमेरिका पुगेका छन् भने बुवा महानन्द जोशी महेन्द्रनगरमा छोरा विपिनको व्यग्र प्रतीक्षामा छन् ।

# विद्यालयलाई प्रथामिक स्वास्थ्य उपचार बाकस

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २७ असोज



अर्जुनचौपारी गाउँपालिका स्याङ्जाले पालिका भित्र रहेका सामुदायिक विद्यालयलाई स्वास्थ्य सामाग्री वितरण गरेको छ । आर्थिक बर्ष २०८१/०८२ मा विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत छुट्टिएको बजेट मार्फत स्वास्थ्य सामाग्री वितरण गरिएको हो । पालिकाले एक कार्यक्रमको आयोजना गरी पालिका भित्रका ३० ओटा सामुदायिक विद्यालयलाई उक्त सामाग्री हस्तान्तरण गरेको छ । स्वास्थ्य क्षेत्रमा पालिकावासीमा कुनै असहज नहोस भन्ने उदेश्य राखेर गाउँपालिकाले स्वास्थ्य सम्वन्धी विभिन्न कार्यक्रम गर्दै आएको छ । नागरिक स्वास्थ रहे पालिका स्वास्थ हुन्छ भन्ने ध्येय राखेर गाउँपालिकाले आर्थिक बर्ष २०८१/०८२ देखी स्वास्थ्य परीक्षण र स्वास्थ्य शिक्षा कार्यक्रम अगाडी बढाउदै आएको अध्यक्ष प्रकाश तिवारीले बताए ।

पालिकाले वितरण गरेको प्रथामिक उपचार बाकस (सामाग्री) मा स्टेजर, तौल नाप्ने यन्त्र, ज्वरो नाप्ने थर्मोमिटर, अक्सिजन नाप्ने मेसिन र कैची रहेका छन् । औषधीजन्य बस्तु भने सम्वन्धित स्वास्थ्य चौकीबाट लिन विद्यालयलाई सुझाएको अर्जुनचौपारी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख इन्द्रबहादुर नेपालीले बताए । विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत ३ लाख बजेटमा पालिका भित्रका सबै सामुदायिक विद्यालयमा यो समाग्री वितरण गरिएको स्वास्थ्य शाखा प्रमुख नेपालीले बताए । विद्यार्थीलाई सामान्य उपचारमा सहज हुने विश्वासले विद्यालयलाई स्वास्थ्य बाकस प्रदान गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले प्रत्येक महिना पालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयमा मासिक रुपमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण र स्वास्थ्य शिक्षा दिदै आएको छ । विद्यार्थीलाई विद्यालयमै देखिने सामान्य रोगका लागि त्यही निदान गर्न सहज होस भनेर विद्यालयलाई प्रथामिक उपचार बाकस प्रदान गरेको अध्यक्ष तिवारीको भनाई छ । नागरिकका आधारभुत आवश्यकता स्वास्थ्य, शिक्षा र खानेपानीलाई पालिकाले जोड दिएको छ उनले भने,' पालिकाको साधनश्रोतले भ्याएसम्म नागरिकको आवश्यकता परिपुर्ति गर्नेमा लाग्छौं ।' पालिकाको समस्यालाई बुझेर सिमित साधानश्रोतलाई सहि सदुपयोग गरी फाईदा उठाउनु होला उनले भने । विद्यालयको आवश्यकता र विद्यार्थीको रुचीका आधारमा गाउँपालिकाले प्रत्येक विद्यालयमा स्वास्थ्य शिक्षा सामाग्री प्रस्तुत गर्दै आएको छ ।

पालिकाले विद्यार्थी मात्रै नभएर जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण सगै घरमै औषधीको व्यवस्था समेत गरिदिएको छ । सुगर, प्रेसर लगायतका रोगहरुका बिषयमा समय–समयमा परीक्षण गरी घरमै औषधीको व्यवस्था मिलाएको गाउँपालिका अध्यक्ष तिवारीले बताए । पालिकाका घरधुरीमा स्वास्थ्यकर्मी पुगेर उनीहरुको समस्या र स्वास्थ्य अवस्था बुझेर आउने वातावरणले पालिकावासीहरु खुशी भएका छन् । उनीहरुले ल्याएको तथ्याङ्ककै आधारमा पालिकाले नीति तथा कार्यक्रममा स्वास्थ्यका बिषय समेट्ने गरेको जनाएको छ ।

# स्वास्थ्य मन्त्रालयले जेनजी आन्दोलनका घाइतेको वर्गीकरण गर्ने

**रासस**
काठमाडौं, २७ असोज

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जेनजी आन्दोलनमा घाइते भएककाहरूको वर्गीकरण गर्नेभएको छ ।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलनमा घाइते भएका व्यक्तिहरूको वर्गीकरण गर्नका लागि स्वास्थ्य मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा सरोज शर्माको संयोजकत्वमा प्राविधिक समिति गठन गरिएको छ । टोलीमा विभिन्न विज्ञ १० जनालाई समितिको सदस्यमा समावेश गरिएको छ ।

घाइतेहरूको वर्गीकरणको मापदण्ड बनाउने कार्य सुरु गरिएको संयोजक डा शर्माले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विशेषज्ञको टोलीसहित हामीले अधयन गरिरहेका छौं । चोटपटक सामान्य, मध्यम वा गम्भीर भनेर ग्रेडिङ गर्ने काम भइरहेको छ ।" स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार हालसम्म अस्पतालमा उपचारका लागि भर्ना भएका घाइतेको सङ्ख्या दुई हजार ३१६ जना रहेको छ ।


## खाद्य गुणस्तरमा ध्यान दिऔं ।

◆ सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
◆ मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
◆ खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
◆ म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
◆ खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
◆ ताजा फलफूल र तरकारी खाने बानी बसाऔं,
◆ अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं.
◆ खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं.

स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


# पर्यटन बोर्डद्वारा 'टुरिजम इन्साइट्स' सार्वजनिक

**रासस**
काठमाडौं, २७ असोज

नेपाल पर्यटन बोर्डले पर्यटन क्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण तथ्याङ्क, प्रवृत्ति र विश्वव्यापी दृष्टिकोण समेटिएको 'टुरिजम इन्साइट्स' नामक मासिक डिजिटल प्रकाशन सार्वजनिक गरेको छ ।

यो 'प्लेटफर्म'ले नीति निर्माता, पर्यटन उद्योगी र अनुसन्धानकर्ताका लागि स्पष्ट र तथ्यमा आधारित जानकारी उपलब्ध गराउन योगदान पुऱ्याउने जनाइएको छ । 'पर्यटनको वर्तमान स्थिति र पुनरोत्थानका रणनीति' विषयक एक कार्यक्रमबीच विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिसहित आइतबार काठमाडौँमा आयोजित 'मीट एण्ड ग्रीट' कार्यक्रममा सो डिजिटल प्रकाशन सार्वजनिक गरिएको हो । बोर्डका अनुसन्धान विभाग अधिकृत कविन्द्र भट्टका अनुसार, प्रकाशनमा आगन्तुक सङ्ख्या, मुख्य स्रोत बजार, क्षेत्रगत आगमन, विदेशी मुद्रा आय र प्रत्यक्ष विदेशी लगानीका तथ्याङ्क समेटिएका छन् । साथै, संयुक्त राष्ट्र पर्यटन सङ्गठन र विश्व यात्रा तथा पर्यटन परिषद्जस्ता अन्तरराष्ट्रिय निकायका तथ्याङ्क र प्रवृत्ति पनि समावेश गरिएको छ ।

कार्यक्रममा बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले बोर्डको प्रकाशनले नेपालको पर्यटन क्षेत्रलाई दिगो विकासतर्फ लैजान आवश्यक तथ्याङ्क र रणनीतिक दिशानिर्देश प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । प्यासिफिक एशिया ट्राभल एसोसिएसन पाटा नेपाल च्याप्टरका महासचिवसमेत रहनुभएका बोर्ड सदस्य नरेन्द्र देव भट्टले सङ्कटको समयमा दीर्घकालीन रणनीति निर्माण गरी पर्यटन क्षेत्रलाई कमजोर हुन नदिन पहल थाल्नुपर्नेमा जोड दिनुभयो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनाबाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

**सम्पादकीय**

# संसद पुनस्थापनामा एमाले

जेनजी विद्रोहका कारण सत्ता च्युत नेकपा एमाले प्रतिनिधिसभा पुनस्थापना गर्नुपर्ने पक्षमा उभिएको छ । एमालेमा चर्को गुटबन्दी भएको हुँदा सर्वसम्मत निर्णय हुन नसक्ने अनुमान विपरीत एमाले निर्णय भएको छ ।

नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले सचिवालयको ५८ औं बैठकले संसद पुनःस्थापनाको पक्षमा सर्वसम्मत निर्णय गरेको सर्जालबाटै जानकारी गराएका शुक्रबारदेखि अध्यक्ष केपी शर्मा ओली निवासमा बसेको बैठकले आइतबार संसद विघटन असंवैधानिक भएकाले पुनःस्थापनाका लागि अदालत जाने निर्णय गरेको थियो ।

'केन्द्रीय सचिवालयको ५८ औं बैठकले प्रतिनिधिसभा विघटन असंवैधानिक भएको ठहर गर्दै पुनःस्थापनाको पक्षमा सर्वसम्मत निर्णय गरेको छ,' पोखरेलले सामाजिक सञ्जालमार्फत् भनेका छन् । सचिवालय बैठकमा प्रतिनिधि सभा पुनःस्थापनाको पक्षमा मत विभाजित भएको थियो । अधिकांश सदस्यले अध्यक्ष ओलीको प्रस्तावविपरीत धारणा राखे पनि अन्तिममा सर्वसम्मत निर्णय गरेको प्रदीप ज्ञवालीले जानकारी दिए ।

'प्रतिनिधिसभा विघटनलाई यो बैठकले असंवैधानिक र अलोकतान्त्रिक ठहर गरेको छ । असंवैधानिक र यडच ढंगले गरिएको विघटन बदरर गर्दै प्रतिनिधिसभा पुनःस्थापना हुनुपर्छ भन्ने स्पष्ट माग बैठकले गरेको छ । नेपालमा गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण एमाले अध्यक्ष केपी शर्मा ओली सत्ताच्यूत भएपछि प्रतिनिधिसभा विघटन भएको थियो ।

जेनजी आन्दोलनको भावनालाई आत्मसात् गर्दै प्रधानमन्त्री बनेकी सुशीला कार्कीले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रतिनिधिसभा विघटनको सिफारिस गरेकी थिइन् । तत्कालीन प्रधानमन्त्री ओलीले राजीनामा दिएपछि राष्ट्रपति पौडेलले सबै राजनीतिक दल र जेनजी प्रतिनिधिसँग परामर्श गरेपछि नै कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेका थिए । त्यो समय राष्ट्रपतिले ओलीसँग पनि परामर्श गरेका थिए ।

ओलीको लिखित सिफारिसमा नै राष्ट्रपतिले कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेका थिए । राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा नै तत्कालीन प्रधानमन्त्रीको सिफारिसमा कार्कीलाई प्रधानमन्त्री नियुक्त गरिएको उल्लेख थियो।नेताहरू सेनाको सुक्षामा रहेका बेला गरिएका निर्णय बाध्य पारिनु हुँदैन ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# अरिङ्गालले टोक्दा एकको मृत्यु

**रासस**
लमजुङ, २७ असोज

यहाँ अरिङ्गालले टोकेर घाइते भई अस्पतालमा उपचाररत एक जनाको मृत्यु भएको छ ।

आइतबार साँझ अरिङ्गालले टोकेर घाइते भएका बेँसीसहर नगरपालिका–११ चितिका ८२ वर्षीय यज्ञनिधि तिवारीको पुरानो मेडिकल कलेज चितवनमा गएराति उपचारका क्रममा मृत्यु भएको वडाध्यक्ष शिवप्रसाद जोशीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "बाटोमा हिँड्ने क्रममा कसैले जिस्काएको अरिङ्गालले टोकेर घाइते हुनुभएको थियो, तत्काल उपचारका लागि बेँसीसहरस्थित प्रदेश अस्पताल लमजुङमा लगिए पनि थप उपचारका लागि आइतबार साँझ चितवन लगिएको थियो ।"

जिल्ला प्रहरी कार्यालय लमजुङका सूचना अधिकारी राजकिशोर शाहले तिवारीको मृत्यु भएको तथा शवपरीक्षण चितवनमा नै हुने र त्यहीँबाट परिवारले बुझ्ने बताउनुभयो ।

# नेपाल कबी लिगको दोस्रो संस्करणका लागि पाँच सय १२ खेलाडीको नाम दर्ता

**रासस**
काठमाडौँ, २७ असोज

नेपाल कबड्डी लिग (एनकेएल)को दोस्रो संस्करणका लागि ५१२ स्वदेशी खेलाडीको नाम दर्ता भएको आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकुमार बेगानीले जानकारी दिनुभएको छ ।

प्रतियोगिताको पहिलो संस्करणमा २७८ नेपाली खेलाडी एनकेएलमा दर्ता भएका थिए । दोस्रो संस्करणमा बाग्मती प्रदेशबाट सबैभन्दा बढी १५५ खेलाडीको नाम दर्ता गरिएको छ । त्यस्तै, सुदूरपश्चिमका १०३, लुम्बिनीबाट ९८, मधेसबाट ७०, कोशीबाट ३५, कर्णालीबाट २७ र गण्डकी प्रदेशबाट २४ जना खेलाडी छन् ।

पहिलो संस्करणमा छ सहरका छ टोलीले एनकेएलमा प्रतिस्पर्धा गर्न ड्राफ्टमार्फत ८४ खेलाडी लिएका थिए । जसमा ६६ जना नेपाली खेलाडी थिए । "प्रतियोगितामा विदेशी खेलाडी पनि आकर्षण छ, दोस्रो संस्करणको 'ड्राफ्ट'मा ४० देखि ५० जना विदेशी खेलाडी लिनेछौँ", प्रमुख बेगानीले भन्नुभयो । पहिलो संस्करणमा थाइल्यान्ड, बङ्गलादेश, श्रीलङ्का र केन्याका १८ खेलाडीले एनकेएलमा सहभागिता जनाएका थिए । प्रतियोगितामा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौँ माभरिक्स, पोखरा लेकर्स, बुटवलको हिमालयन रेडर्स र धनगढी वाइल्डक्याट्सले सहभागी जनाएका थिए । राष्ट्रिय खेलकुद परिषद्को त्रिपुरेश्वर स्थित कभर्डहलमा आयोजित पहिलो संस्करणको फाइनलमा जनकपुरले काठमाडौँलाई ४३–४१ ले पराजित गर्दै उपाधि जितेको थियो । दोस्रो संस्करणको मिति चाँडै सार्वजनिक हुने आयोजकले जनाएको छ ।

# सुरक्षित स्थान पहिचान गर्न नसक्दा बस्ती विपद् को जोखिममा छन्: मन्त्री घिसिङ

**रासस**
काठमाडौँ, २७ असोज

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले भौगोलिक जोखिम र सुरक्षित स्थान पहिचान गरेर बस्ती बसाउन नसक्दा हरेक वर्ष विपद्बाट जनधनको क्षति हुने गरेको बताउनुभयो ।

विश्व बसोबास दिवसको अवसरमा सहरी विकास तथा भवन निर्माण विभाग र संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रमले आज यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले मानिसको सामाजिक, वातावरण र आर्थिक पक्ष जोड्न नसक्दा एकीकृत बस्ती कार्यक्रम पनि सफल हुन नसकेको बताउनुभयो । "देशका केही ठाउँमा एकीकृत बस्ती निर्माण गर्यौं, तर समुदायलाई सामाजिक, वातावरण र आर्थिक पक्षसँग जोड्न नसक्दा ती बस्ती खाली हुन थाले । ग्रामीण र सहरी क्षेत्रका अव्यवस्थित बस्तीलाई सुरक्षित एवं व्यवस्थित बनाउनु अहिलेको सबैभन्दा ठूलो चुनौती हो", मन्त्री घिसिङले भन्नुभयो, "मनसुनजन्य विपद्बाट बच्न पूर्वसूचना प्रवाह गर्दागर्दै पनि भौगोलिक रूपमा जोखिमयुक्त स्थानको 'म्यापिङ' गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न नसक्दा हरेक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । अब यसमा गम्भीर बन्नुपर्ने आवश्यकता छ ।" उहाँले सहर विकासको गुरुयोजना तयारी गरी कुनै एउटा सहरलाई नमूनाका रूपमा विकास गर्ने र सोहीअनुसार पूर्वाधार संरचना निर्माण गरी अन्य सहर विकासमा अनुशरण गर्न सकिने उल्लेख गर्नुभयो । "जग्गा खण्डीकरण गरी सहर विकास गरिने अभ्यास रहेको छ, अब यसलाई अन्य गर्न सहर विकासको एकीकृत गुरुयोजना तयार गरी अगाडि बढ्नुपर्नेछ", मन्त्री घिसिङले भन्नुभयो, "नदी किनार सुन्दर नभइकन सहरी सौन्दर्य कायम हुन सक्दैन, त्यसैले काठमाडौँ उपत्यकाका नदी करिडोर किनारमा रहेका बस्तीको व्यवस्थापन आवश्यक छ ।" उहाँले ग्रामीण क्षेत्रमा सडक, बिजुली, टेलिफोन, खानेपानीलगायतका पूर्वाधार पुगे पनि बस्ती भने घट्दै गएकामा चिन्ता व्यक्त गर्नुभयो ।

यसैगरी मन्त्री घिसिङले आफूले सम्हालेका मन्त्रालय र मातहतका निकायमा हुने भ्रष्टाचार, अनियमिता र ढिलासुस्तीमा शून्य सहशीलताको अपनाइने बताउनुभएको छ । सोही नीतिअनुसार कोही अनियमिततामा संलग्न भएको पाइए तत्काल कारबाही गरिने उहाँको भनाइ थियो ।

मन्त्री घिसिङले ठूला सहर विकास गर्नुपर्ने काममा केन्द्रित हुने सहरी विकास मन्त्रालय आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर टुक्रे योजनामा लाग्न नहुनेमा जोड दिनुभयो ।

# बागलुङमा एक अर्ब १४ करोड ६० लाखको आलु उत्पादन

**पोखरापत्र संवाददाता**
ढोरपाटन, २७ असोज



यस वर्ष जिल्लामा एक अर्ब १४ करोड ६० लाख मूल्य रुपैयाँ बराबरको आलु उत्पादन भएको छ । यहाँका किसानले बर्खे र हिउँदे गरी दुई याममा आलुखेती गर्दै आएका छन् ।

हिउँदेभन्दा बर्खे आलु उत्पादन बढी हुने गरेको छ । आलु उत्पादनका हिसाबले जिल्लाको माथिल्लो क्षेत्र उपयुक्त रहेकाले बर्सेनि करोडौँ मूल्य बराबरको आलु उत्पादन हुने गरेको छ । कृषि ज्ञान केन्द्र बागलुङले आलुखेतीमा लगानी गर्दै आएपछि किसानसमेत यसतर्फ आकर्षित भएका छन् । यहाँको तमानखोला, ताराखोला, निसीखोला,काठेखोलागाउँपालिका, ढोरपाटन र गलकोट नगरपालिकालगायत क्षेत्रमा आलु उत्पादन बढी हुने गर्छ । यस वर्ष दुई हजार ८६० हेक्टर क्षेत्रफलमा आलु लगाइएकामा ५५ हजार ६०० मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिनुभयो ।

अघिल्लो वर्षको तुलनामा यसवर्ष खेती गरेको क्षेत्री र उत्पादनमा कमी आएको उहाँको भनाइ छ । उहाँका अनुसार गत वर्ष तीन हजार ७०० हेक्टर क्षेत्रफलमा आलु लगाइएको थियो भने ५६ हजार २४० मेट्रिकटन उत्पादन भएको थियो ।

गत वर्षको तुलनामा यस वर्ष ८४० हेक्टर कम क्षेत्रफलमा आलु लगाइएको थियो । किसानले उत्पादन गरेको आलु प्रति किलो ३५ रुपैयाँमा विक्री भएको अधिकारीले जानकारी दिनुभयो । ज्ञान केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा दुई करोड ६० लाख रुपैयाँ, २०८१/८२ मा एक करोड ५९ लाख रुपैयाँ र चालु आर्थिक वर्षमा ५५ लाख ९० हजार रुपैयाँ लागतमा नयाँ क्षेत्र विस्तार गरेको छ । "बागलुङको माथिल्लो क्षेत्र आलु उत्पादनका लागि उपयुक्त हावापानी छ, यहाँ खायन आलु राम्रो उत्पादन हुने गरेको छ, किसानहरु उत्साहित भएर लाग्नुभएको छ, तीन वर्षदेखि यसको क्षेत्र विस्तार र उत्पादन बढाउनका लागि हामीहरु लागि रहेका छौँ", अधिकारीले भन्नुभयो, "खायन आलु क्षेत्र विस्तारसँगै नयाँ प्रविधिको प्रयोग, मलखाद व्यवस्थापन गर्ने, सिँचाइ व्यवस्थापन गरी उन्नत जातको बीउ लगाइने छ, यस वर्ष थप ४३ हेक्टर क्षेत्रफलमा खायन आलु लगाउने लक्ष्य छ ।" यहाँ उत्पादित आलु बागलुङ, बुटवल, चितवनलगायत सहरमा पुग्ने गरेको छ । किसानले अघिल्लो वर्ष हिउँदे आलु प्रतिकिलो ४० र बर्खे आलु प्रतिकिलो ५० रुपैयाँमा बिक्री गरे पनि यस वर्ष ३५ रुपैयाँमात्रै मूल्य पाएको ज्ञान केन्द्रले जनाएको छ । आलु लगाउने बेला लामो समय खडेरी पर्दा यसवर्ष उत्पादनमा थोरै गिरावट आएको हो ।

# बागलुङमा डेङ्गी बढेपछि 'खोज तथा नष्ट' अभियान सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ असोज

बागलुङमा डेङ्गीको सङ्क्रमण बढसँगै 'खोज तथा नष्ट' अभियान सुरु भएको छ ।

अघिल्लो साता जिल्लाभर ११० जनामा डेङ्गी सङ्क्रमण देखिएका त्यो बढेर २५७ पुगेपछि जनस्वास्थ्य कार्यालयले आज सोमबारदेखि जनचेतनाममूलक कार्यक्रमसहित खोज तथा लार्भा नष्ट गर्ने अभियान सुरु गरेको हो । गण्डकी प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका अनुसार ' खोज तथा नष्ट गरु' अभियान बागलुङ नगपालिका–१ रामरेखा, वडा नं २ समीक्षालयरोड, वडा नं ३ बुद्ध विहार र वडा नं ४ उपल्लाचौरबाट एक साथ सुरु गरिएको हो । सो अभियानमा जिल्लास्थित जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, टोलसुधार समितिका प्रतिनिधि र स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको छ । अभियानका क्रममा डेङ्गी फैलाउने लामखुट्टेको बासस्थान रहेको सडक, नालीलगायत सार्वजनिकस्थलमा रहेका खाल्डाखुल्डी, फूलदानी, पुराना टायर, ड्रम आदिको सफाइसमेत गरिँदै आइएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख घनश्याम सापकोटाले जानकारी दिनुभयो ।

जिल्लामा सबैभन्दा बढी सङ्क्रमण फैलिएको बागलुङ नगरपालिकामा मात्र १३६ जना प्रभावित भएको जनस्वास्थ्य कार्यालयले जनाएको छ । त्यस्तै गलकोट नगरपालिकामा ४३, काठेखोला गाउँपालिकामा २३, ढोरपाटन नगरपालिकामा १५, जैमिनी नगरपालिकामा सात, बडिगाड गाउँपालिकामा छ, ताराखोला गाउँपालिकामा चार र निसीखोला गाउँपालिकामा दुई जनालाई डेङ्गी सङ्क्रमण फैलिएको सो कार्यालयले जनाएको छ । बागलुङ नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख रामप्रसाद खनालका अनुसार लामखुट्टेको बासस्थानसहित लार्भा हुर्काउने स्थल नष्ट गर्ने तथा व्यापक जनसहभागितासहित सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेतर्फ पालिकालो अभियानका रुपमा कार्यक्रम सञ्चालन गरेको छ । एक्कासि उच्च ज्वरो आउनेजस्ता लक्षण देखिएमा तुरुन्त स्वास्थ्य परीक्षण गरीर आवश्यकताअनुसार उपचार सुरु गर्नुपर्ने स्वास्थ्यकर्मीको सुझाव छ । यसैगरी रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखापरेमा डेङ्गी सङ्क्रमण हुनसक्ने भएकाले अस्पतालमा सम्पर्क गर्न जनस्वास्थ्य प्रमुख सापकोटाले सुझाव दिनुभयो ।

# मनास्लु क्षेत्रबाट पोल्याण्डका नागरिकको उद्धार

**पोखरापत्र संवाददाता**
गोरखा, २७ असोज

मनास्लु क्षेत्र भ्रमण गर्न आएका पोल्याण्डका एक पर्यटकको हेलिकप्टरबाट उद्धार गरिएको छ ।

राहदानी नम्बर एफई ०४६८९१९ भएका ३६ वर्षीय एडम बर्टोस्ज प्यासिअरबेकलाई आज दिउँसो १३:०० बजे चुमनुब्री–४ नाम्रुङबाट हेलिकप्टरमार्फत काठमाडौँ लगिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनी माउण्टेन सनभ्याली ट्रेक कम्पनीमार्फत त्यसतर्फ भ्रमण गर्न गएका थिए ।

यसैबीच आइतबार भालुको आक्रमणबाट गम्भीर घाइते हुनुभएकी चुमनुब्री गाउँपालिका–५ ड्याङ्की ७४ वर्षीया टासी भुटी लामाको पनि हेलिकप्टरमार्फत उद्धार गरिएको छ । लामाको टाउको, अनुहार, छातीलगायतका भागमा गहिरो चोट लागेको वडाध्यक्ष काल्देन छेवाङले जानकारी दिनुभयो । उहाँलाई उपचारका लागि काठमाडौँ पठाइएको प्रहरीले जनाएको छ ।

**विमा लेख हरायो**

एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः जानकी पाण्डे अर्याल
विमा लेख नं. ६५१४००११५७८
नामः लेखनाथ अर्याल
विमा लेख नं.६५१४००११३०६
ठेगानाः पोखरा–१७

सम्पर्क : एशियन लाईफ इन्स्योरेन्स कं. लि.
पोखरा शाखा

# झाडी फाडेर फलफूलखेती : खेती गर्नेलाई अनुदान

**रासस**
म्याग्दी, २७ असोज



म्याग्दीको बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकासहित गण्डकी प्रदेशको १० जिल्लाका ३४ स्थानीय तहमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (नाफा) सञ्चालन भएको छ।

कास्कीको पोखरा महानगर र पर्वतको जलजला गाउँपालिकामा दुई वर्षअघि सुरु भएको आयोजना लागू भएका स्थानीय तहको सङ्ख्या चालु आर्थिक वर्ष २०८२/८३ मा ३४ पुगेको छ। कूल ९३ दशमलव ४५ मिलियन अमेरिकी डलर लागत अनुमान गरिएको आयोजना आर्थिक वर्ष २०८२/०३ मा गण्डकी प्रदेशका म्याग्दी, बागलुङ, मनाङ र मुस्ताङका १९ स्थानीय तहमा विस्तार भएको हो । यसअघि १६ स्थानीय तहमा लागू भएको थियो।

नेपाल सरकार र एसियाली विकास बैंकको साझेदारीमा सञ्चालित आयोजनामार्फत १० प्रजातिका फलफूलखेती विस्तार गर्न कृषि फार्म, सहकारी र समूहले ५० प्रतिशत अनुदान पाउने आयोजना प्रमुख वासुदेव काफ्लेले जानकारी दिनुभयो । "पहाडी क्षेत्रमा ओखर, सुन्तला, कागती, किवीलगायत फलफूलखेती विस्तार र प्रवर्द्धन गर्ने कार्यक्रमको उद्देश्य हो," उहाँले भन्नुभयो "बसाइसराइका कारण बाँझिएका खेतीयोग्य जमिनलाई पुनःप्रयोगमा ल्याउनका लागि आयोजनाले सहयोग पुगेको छ।" कम्तीमा २० रोपनी क्षेत्रफलमा नयाँ बगैँचा स्थापना गरी फलफूलखेती विस्तार गर्न आयोजनाले न्यूनतम रु तीन लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ। बिरुवा रोप्न खाडल खन्ने, मल, बिरुवा खरिद, सिँचाइ र कृषि औँजारका सामग्री खरिद गर्न कूल लागतको ५० प्रतिशत अनुदान पाउनेछन् । पहिलो चरणमा आयोजना लागू भएको जलजला गाउँपालिकाका २९ वटा फर्म र समूहले सुन्तलाजात र ओखरखेती विस्तारसम्बन्धी कार्यक्रमका लागि अनुदान सम्झौता गरेका थिए । २० रोपनी क्षेत्रफल जमिनका दरले ११ वटा फर्मले सुन्तला र दुई वटाले कागतीको बगैँचा स्थापना गरेको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले जानकारी दिनुभयो।

"काम सम्पन्न गरेर भुक्तानीका लागि निवेदन पेस गरेका फर्मको आयोजनाको प्राविधिक टोलीसहित अनुगमन सकिएको छ," उहाँले भन्नुभयो "फलफूल बगैँचा स्थापनाका लागि बाँझिएको जग्गा प्रयोगमा आउनुका साथै बजार झरेका किसान गाउँ फर्किएर फलफूलखेतीमा लागेका छन्।"उपाध्यक्ष आचार्यका अनुसार बाँकी १६ फर्मले बगैँचा स्थापनाको तयारीमा छन् । जलजला गाउँपालिका-४ सिरानचौरमा १० वर्षदेखि बाँझिएको जमिनमा बनेको झाँडी फाडेर ओमनम् एग्रो फार्मका सञ्चालक जनक अधिकारी र प्रदीप खत्रीले चार सय ५० कागतिका बिरुवा रोपेर बगैँचा स्थापना गर्नुभएको छ । "गाउँदेखि टाढा भएको र बाँदरले सताउन थालेपछि खेती गर्न छाडेपछि सिरानचौरको खेत झाडीमा परिणत भएको थियो," उहाँले भन्नुभयो "नाफा आयोजनाको सहयोगमा झाडी फाडेर अहिले कागतीको बिरुवा रोपेर हराभरा बनाएका छौँ ।" जलजला गाउँपालिका-५ लेकफाँटका दयाराम सापकोटा, मीनराज सापकोटा र सुरेश सापकोटाले धान खेतीको विकल्पमा २० रोपनी खेतमा सुन्तलाका बिरुवा रोप्नुभएको छ । मिलनचोक बजारमा बस्दै आएका दयाराम बगैँचा स्थापना गरेपछि गाउँ फर्कनुभएको छ । धान, कोदो, मकैलगायत खाद्यबाली खेतीको तुलनामा कम लगानी र धेरै वर्षसम्म नगद आम्दानी हुने भएकाले सुन्तलाखेती गरेको जलजला गाउँपालिका-७ धाइरीङका तुलसी आचार्यले बताउनुभयो।

अनुगमन टोलीसँग किसानले आयोजनाले अनुदान उपलब्ध गराउन ढिलाइ गर्दा समस्या भएको गुनासो गरेका थिए। गत असारमै बगैँचा स्थापना गरेपनि आयोजनाले भुक्तानीमा ढिलाइ गरेको सञ्जोग कृषि फार्म जलजला-५ रातमाटाका वेदनाथ सुवेदीले बताउनुभयो।

आयोजना प्रमुख काफ्लेले काम सम्पन्न गरेका फर्महरुको स्थलगत अनुगमन सकेपछि तत्कालै भुक्तानी दिने प्रतिबद्धता जनाउनुभयो।

# व्यावसायिक सयपत्री फूल उत्पादन

**रासस**
चितवन, २७ असोज



तिहार नजिकिँदै गर्दा सयपत्री फूलको माग बढ्न थालेको छ । विस्तारै माग बढ्दै जाँदा व्यावसायिकरुपमा फूलखेती गर्ने किसानहरुमा उत्साहा थपिँदै गएको छ । गोरखाबाट चितवन आएर बिगत पाँच वर्षदेखि व्क सयपत्री फूलखेती गर्दै आउनुभएका बुधबहादुर गुरुङ अहिले यो पेसाबाट सन्तुष्ट हुनुहुन्छ।

भरतपुर महानगरपालिका-८ गौरीगञ्जमा विगत पाँच वर्षदेखि व्यावसायिक रुपमा यो सयपत्री उत्पादन र बजारीकरण गर्दै आउनुभएको छ । उहाँले भन्नुभयो "मैले पुष्प व्यवसाय गरेको १० वर्ष भयो । अहिले सयपत्री खेती गरेको पाँच वर्ष भयो। राम्रो आम्दानी दिने गरेको छु।" गौरीगञ्जमा १८ कठ्ठा र वरपर गरी एक बिघा भन्दाबढी क्षेत्रफलमा उहाँले सयपत्री फूलखेती गर्नुभएको छ। सुरुवाती वर्षमा राम्रो आम्दानी लिन नसके पनि अहिले सयपत्री फूलबाट आँफू सन्तुष्ट रहेको उहाँले बताउनुभयो। जग्गा भाडामा लिएर व्यावसायिक रुपमा फूलखेती गर्दा सयपत्रीबाट मात्रै मनग्य आम्दानी हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो "हरेक सिजनमा रु चार देखि पाँच लाख सम्मको आम्दानी सयपत्री फूल बेचेर गरेको छु।" यो मौसम फूलको राम्रो व्यापार हुने सिजन हो। अन्य समयमा यही बारीमा तिल, मकै जस्ता खेती गर्दै आएको उहाँले सुनाउनुभयो । यही व्यवसायबाट परिवार चलाउने गरेको उहाँले बताउनुभयो।

प ू ख ा ँ द े ि ख फूलखेती गर्दै आएकाले आँफूले पनि भरतपुर महानगरपालिका-७ कृष्णपुरमा नर्सरी सञ्चालन गरेर काम गर्दै आएको सुनाउँदै उहाँले अहिले परिवारका सदस्यबाटै काम गर्दै आएको बताउनुभयो।

जिल्लामा अहिले एक सय भन्दाबढी किसानले व्यावसायिक रुपमा सयपत्री फूलखेती गरेका छन् । उनीहरुले जिल्लाको १७ हेक्टर क्षेत्रफलमा फूलखेती गरेको कृषि विकास कार्यालय चितवनकी बागबानी विकास अधिकृत स्वस्तीका चौहानले जानकारी दिनुभयो । उहाँका अनुसार विगत तीन वर्षमा सयपत्रीखेती गर्ने किसान र क्षेत्रफल दुवै घटेको छ। आर्थिक वर्ष २०८०/८१ मा २२ हेक्टर क्षेत्रफलमा फूलखेती गरिएकोमा क्रमशः २० हेक्टर हुँदै १७ हेक्टरमा झरेको हो।

उहाँले भन्नुभयो "गतवर्ष फूलखेती गर्ने किसानले लगाएको बिरुवामा कुकुर फूल भएका कारण उत्पादन भएन र किसानको सङ्ख्या घटेको हो।" फ्लोरिकल्चर एसोसिएसन चितवनका सचिव सुलभ श्रेष्ठले यसवर्ष बाहिरी जिल्लामासमेत माला पठाउने गरी फूलखेती गरिएकोमा पानीका कारण समस्या भएको बताउनुभयो।

उहाँका अनुसार विगत तीन दिन परेको पानीका कारण १० बिघा क्षेत्रफलमा लगाइएको सयपत्री फूलको बिरुवा मरेको छ । उहाँले भन्नुभयो "क्षेत्रफल बढाएका थियौं तर पानीले सोचे जस्तो भएन।" जिल्लाका लागि आवश्यक माला पुग्ने भए पनि बाहिरी जिल्ला पठाउने माला नहुने भएको उहाँले बताउनुभयो । जिल्लामा मात्रै तिहारमा तीन लाख बढी माला बिक्री हुने उहाँले बताउनुभयो । तिहारका लागि आवश्यक माला बाहिरबबाट खरिद गर्नुनपर्ने उहाँको भनाइ छ।


## TRC Card हराएको सूचना

**म स्वप्निल कार्कीको** Portugese Temporary Residency Card (TRC) **हेम्जादेखि बगरसम्म आउनेक्रममा हराएको हुँदा भेट्टाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको ठेगानामा सम्पर्क गरिदिनुहोला।**

**नाम : स्वप्निल कार्की**
Name : Swopnil Karki
TR Card No. : 166K874N6
**ठेगाना : पोखरा-२५, हेम्जा**
**सम्पर्क नं.** : 9844913136



## कम्पनीको नाम/ठेगाना परिवर्तन सम्बन्धी सूचना

साविक कास्की, पोखरा महानगरपालिका वडा नं. ९ को सपना आयुर्वेद भवनको मिति २०८२/०५/०६ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाम र कम्पनीको रजिष्टर्ड कार्यालय समेत तपसिल बमोजिम परिवर्तन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन मिति २०८२/०६/०८ को कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णयानुसार कायम गरिएको जानकारी गराउदै उक्त कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम सपना आयुर्वेद हस्पिटल कास्की, पोखरा महानगरपालिका वडा नं. १४ को कम्पनीले सकार्ने व्यहोर्ने समेत जानकारी गराइन्छ।

**साविकको नामः सपना आयुर्वेद भवन**
**साविकको ठेगाना : कास्की, पोखरा महानगरपालिका-९**
**संशोधित नामः सपना आयुर्वेद हस्पिटल**
**संशोधित ठेगानाः कास्की, पोखरा महानगरपालिका-१४**




साइकल चलाउँदै पर्यटक : उत्तर-दक्षिण जोड्ने (बेनी-जोमसोम) सडकखण्डको स्याङस्थित कालोपत्रे सडकमा साइकल चलाउँदै पर्यटक। तस्बिरः सुन्दरकुमार थकाली/रासस

# तनहुँका न्यायिक समितिमा दुवै पक्षको जित हुनेगरी मुद्दा टुङ्ग्याइँदै

**पोखरापत्र संवाददाता**
दमौली, २७ असोज

यहाँका स्थानीय तहमा रहेको न्यायिक समितिले दुवै पक्षको जित हुनेगरी मुद्दा टुङ्ग्याउने कार्यलाई प्राथमिकतामा राखेको छ। जिल्लाका नगरपालिका र गाउँपालिकामा रहेका न्यायिक समितिले मेलमिलापका माध्यमबाट मुद्दाको किनारा लगाउँदै आएको छ। यसले गर्दा दुवै पक्षलाई जितको महसुस गराउन सकिएको बताइएको छ।

सदरमुकामस्थित व्यास नगरपालिकामा गत आर्थिक वर्षमा ११६ मुद्दा दर्ता भएकामा ८८ मुद्दा फछ्र्योट भएका छन्। न्यायिक समितिका संयोजक एवं नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले नगरपालिकाले मेलमिलापका माध्यमबाटै मुद्दाको छिनोफानो गर्दै आएको उल्लेख गर्नुभयो । दरैले भन्नुभयो, "न्यायिक समितिमा मुद्दा दर्ता भएपछि दुवै पक्षसँग छलफल गर्छौं, दुवै पक्षलाई जितको आभाष दिलाउन मेलमिलापको नीति लिएका छौँ।" नगरपालिकामा फोहरमैला व्यवस्थापन, लेनदेन, साँध सिमाना विवाद, घरबहाल, कुलो पानी, जग्गा खिचलो, महिला हिंसालगायतका मुद्दा दर्ता हुने गरेका छन्। नगरपालिकाले प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरेको छ । सामान्य विवादका घटना वडामै मिलाउने उद्देश्यसहित नगरपालिकाले वडावडामा नै मेलमिलाप केन्द्र स्थापना गरिएको दरैले बताउनुभयो । दरैले भन्नुभयो, "सबै मुद्दा न्यायिक समितिमा पठाउँदा मुद्दाको चाप बढी हुने गर्छ, सामान्य विवादलाई वडामै छलफलबाट टुङ्ग्याउन सकिन्छ।"

बन्दीपुर गाउँपालिकामा १७ मुद्दा दर्ता भएकामा ११ वटा फछ्र्योट भएको न्यायिक समितिका संयोजक एवं गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङले बताउनुभयो । उहाँले दुवै पक्षलाई हारको महसुस नहुनेगरी विवाद समाधानलाई पहिलो प्राथमिकतामा राखिएको जानकारी दिनुभयो । भिमाद नगरपालिकामा २६ मुद्दा दर्ता भएकामा २३ मुद्दा फछ्र्योट गरिएको उपप्रमुख एवं न्यायिक समितिका संयोजक शारदा खनालले जानकारी दिनुभयो। ऋषिङ गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक गिनुमाया थापाका अनुसार पालिकामा १६ मुद्दा दर्ता भएकामा चार मुद्दा फछ्र्योट भएका छन्। शुक्लागण्डकी नगरपालिकामा ७९ मुद्दा दर्ता भएकामा ४७ मुद्दा फछ्र्योट भएको उपप्रमुख खुमबहादुर विकले जानकारी दिनुभयो।

घिरिङ गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक राधादेवी अधिकारीले पालिकामा १३ मुद्दा दर्ता भएकामा छ मुद्दा फछ्र्योट भएको उल्लेख गर्नुभयो । भानु नगरपालिकामा ६० मुद्दा दर्ता भएकामा ४४ मुद्दा फछ्र्योट भएको उपप्रमुख उमा गोतामले बताउनुभयो। स्थानीय शासन ऐन २०७४ बमोजिम नगरपालिकामा उपप्रमुखका संयोजकत्वमा न्यायिक समिति गठन भएको छ । न्यायिक समितिमा दर्ता हुने केही मुद्दामा न्यायिक समितिले फैसला गर्ने र केही मुद्दा मेलमिलापबाट टुङ्गो लगाउनुपर्ने कानुनी प्रावधान रहेको छ । स्थानीयस्तरमा शान्ति, सौहार्द्र र मेलमिलाप कायम गरी स्थानीय विकास प्रक्रियालाई टेवा पुऱ्याउन, महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुसलमान, पिछडा वर्ग, सीमान्तकृत समुदायको सशक्तिकरण गरी सहभागितामूलक तरिकाबाट विवाद समाधान गर्न सहयोग गरी समाजमा न्याय, मानवाधिकार र नागरिक हितको संवर्द्धनमा मेलमिलाप केन्द्रले सहयोग पुग्ने विश्वास गरिएको छ।

# सुलभ डिपार्टमेन्टल स्टोर्समा उपहार योजना

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

पोखरा ६ जरेबरमा रहेको सुलभ डिपार्टमेन्टल स्टोर्सले दशै तिहारमा ग्राकहरुलाई लक्षित गर्दै उपहार योजना ल्याएको छ। दशै र तिहारलाई लक्ष्त गरे ल्याएका योजनामा १ हजारको खरिदमा एउटा कुपन पाइने छ।

लक्की ड्र मार्फत विजेताले प्रथम पुरस्कार इलेक्टिक स्कुटर, दोस्रो पुरस्कार माउन्टेन साइकल र तेस्रो पुरस्कार डिस्पेन्सर पाउने छन्। अन्य १२ जनालाई सान्तोना पुरस्कार प्रदान गरिने डिपार्टमेन्टलका प्रबन्ध निर्देशक लक्ष्मण बरालले जानकारी दिए।

१७ वर्ष अगाडि पोखराका पर्यटन व्यवासायीहरुको संयुक्त लगानिमा स्थापना भएको सुलभ डिपार्टमेन्ट स्टोर्सले होटल तथा रेस्टुरेन्ट र दैनिक आवश्यक पर्ने घरयासी सामग्रीहरुको सुलभ मूल्यमा बिक्री गर्दै आएको छ। अघिल्लो वर्षहरुमा पनि स्टोरले उपहार योजना चलाउदै आएको थियो । सुलभ डिपार्टमेन्टल स्टोर्समा होटल, रेष्टुरेण्ट र घरयासी प्रयोगमा आउन किचनका भाँडाहरु थप गरेको छ । करिब २ करोडका लागतमा होटल, रेष्टुरेन्ट, क्याफे र होमस्टेका किचनका लागि आवश्यक सम्पूर्ण भाँडाकुँडा र उपकरण उपलब्ध गराउने लक्ष्य स्टोरमा थप लगानी गरेको सहकारीका अध्यक्ष गोपी भट्टराईले जानकारी दिए । उनले पोखरामा थपिदै गएका होटल तथा रेष्टुरेण्टका लागि आवश्यक किचनका सम्पूर्ण सामग्री सहज रूपमा पाउन सकिने बताए। पहिलो काठमाडौं धाउनु पर्ने भएपछि अब भने सबै स्टोरमा नै पाइने उनको भनाई छ। उनका अनुसार स्टोरमा होटल तथा रेष्टुरेण्ट सञ्चालनका लागि चाहिने बुफे सेट, स्टेनलेस स्टिलका भाँडा, प्यान, कुकर, ट्रे, फ्राइप्यान, सूप प्यान, चपिंग बोर्ड, चाकू, चम्चा, स्प्याचुला, टोंग, जार, बाउल, प्लेट, ग्लास, कप, ग्यास चुल्हो, ओभन, डीप फ्रायर, मिक्सर ग्राइन्डर, ब्लेन्डर, फूड प्रोसेसर, डिश-र्याक, वाटर फिल्टर लगायतका साना देखी ठुला सम्म सबै भाँडाकुँडा उपलब्ध रहेको बताए । स्टोरले ग्राहकको मागअनुसार अर्डर लिने र होम डेलिभरीको समेत व्यवस्था रहेको व्यवस्थापक बरालले बताए । साना भाडा पहिले पनि पाइने भएपनि अहिले होटल र रेष्टुरेण्टका लागि आवश्यक सामग्री थप गर्दै गएको उनको भनाई छ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नामः लक्ष्मी कुमार श्रेष्ठ**
**विमा लेख नं. १३००६५११५**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**
**फोनः ०६१-५२८८००**